का.जि.प्र.का.द.नं. १००/०५९/६०
४ साउन २०८०,
बिहीबार
20 July 2023,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १७५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# ठूलो परिमाणमा सुन बरामद

प्यासिफिक एयरमा हङकङबाट आएको सुन ८० देखि १०० किलोसम्म हुन सक्ने अनुमान गरिएको छ । जुन परिमाण अहिलेसम्मकै उच्च हो ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३ साउन ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बुधबार साँझ ठूलो परिमाणमा सुन बरामद भएको छ । हङकङबाट ल्याइएको सामान चेकजाँच गर्दा भन्सार छलेर सुन ल्याएको फेला परेको हो ।

विशेष सूचनाको आधारमा राजश्व अनुसन्धानले अपरेशसन चलाइएको थियो । अपरेशनका क्रममा राजश्व छलेर ल्याइएको सुन बरामद भएको हो । राजश्व अनुसन्धान विभागका महानिर्देशक नवराज ढुंगानाका अनुसार, बरामद भएको सुन अहिलेसम्मकै उच्च परिमाण हो ।

बरामद गरिएको सुनको मात्रा एकिन हुन बाँकी रहेपनि एक क्विन्टल जति रहेको विभागले अनुमान गरेको छ । विमानस्थल भन्सार कार्यालयका प्रवक्ता अम्बिकाप्रसाद खनालले बरामद गरिएको सुन थप अनुसन्धानका लागि राजश्व अनुसन्धान विभागलाई बुझाइएको बताए ।

यो सुन १६० सेट छ । जुन चार दिन अगाडि हङकङबाट आएको खुलेको छ । प्यासिफिक एयरमा हङकङबाट आएको यो सुन रेडी प्रालि काठमाडौंले ल्याएको देखिएको छ । तर थप अनुसन्धान बाँकी रहेकाले सुनको मालिक पत्ता लाग्न सकेको छैन ।

बुधबार रातिसम्म यो सुनसँगै भन्सार एजेन्ट राजेन्द्रकुमार राई र ट्याक्सी चालिकलाई नियन्त्रणमा लिइएको छ । यो सुन भन्सारमा चाँजपास गरी सिनामंगल पुर्‍याइएको थियो । अधिकारीहरुका अनुसार, मोटर साइकल र स्कुटरको पार्ट बनाएर सुन ल्याइएको थियो । यो सुन हङकङबाट आएको र भारततर्फ तस्करी गरेर लैजान लागिएको आशंका गरिएको छ ।

दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छ ।
त्यसैले:
- खोला, धारा वा मुलको पानी सिधै नपिऔं ।
- पानी उमालेर मात्र पिऔं ।
- उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर मात्र पिऔं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# भ्रमणको अटुट श्रृंखला

मुलुकको आर्थिक अवस्था देखाउँदै सार्वजनिक खर्च कटौती गर्ने नीतिसहित सरकारको बजेट आइरहँदा राजनीतिक नेतृत्वको विदेश भ्रमण अटुट चलिरहेको छ । भ्रमण गर्नेमा प्रमुख तीन दल नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रकै प्रमुखहरु समेत छन् ।


भारत भ्रमणको क्रममा प्रधानमन्त्री प्रचण्ड


कम्बोडिया जानुअघि ओली


अमेरिकी स. विदेशमन्त्रीसँग देउवा


चीन भ्रमणको क्रममा गृहमन्त्री श्रेष्ठ

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ साउन ।

पूर्वप्रधानमन्त्री एवम् नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली बुधबार कम्बोडिया प्रस्थान गरेका छन् । त्यहाँको चुनाव अनुमगन गर्ने प्रयोजनका निम्ति भन्दै ओली पाँच दिने कम्बोडिया भ्रमणमा निस्किएका हुन् ।

ओली कम्बोडिया हिडेकै दिन मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री एवम् नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको इटाली भ्रमण स्वीकृत गरेको छ । ६ साउनमा संयुक्त राष्ट्र संघको खाद्य तथा कृषि संगठनको कार्यक्रममा सहभागी हुन प्रधानमन्त्री प्रचण्ड सहित कृषि तथा पशुपन्छी विकास मन्त्री बेदुराम भुसाल सहितको टोली इटाली जाने तय भएको छ । यो टोली एक साता बसेर स्वदेश फर्कनेछन् ।

प्रधानमन्त्रीको भ्रमण तय भएको दिन परराष्ट्रमन्त्री डा.प्रकाशशरण महत भारत भ्रमण सकेर स्वदेश फर्किएका छन् । जी-२० सम्मेलनमा सहभागी भएर मन्त्री महत स्वदेश फर्किएका हुन् ।

प्रधानमन्त्री प्रचण्ड इटाली भ्रमण निस्कने अघिल्लो दिन मात्रै माओवादी केन्द्रका उपाध्यक्ष पम्फा भुसाल भारत भ्रमणमा जाँदैछिन् । भारतीय सत्तारुढ दल भारतीय जनता पार्टीको निमन्त्रणमा ७ साउनमा भुसाल नेतृत्वको टोली दिल्ली जाने तय भएको छ । यो टोलीमा भुसालसहित चक्रपाणि खनाल, सत्या पहाडी, रामेश्वर राय यादव, सुरेशकुमार राई सहभागी हुने स्रोतले जनाएको छ ।

पूर्वप्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पनि केही समय अगाडि विदेश भ्रमण गरेका थिए । ३० जेठमा उपचार गर्न भन्दै सिंगापुर गएका देउवा एघार दिनपछि स्वदेश फर्किएका थिए ।

प्रधानमन्त्री प्रचण्डले १७-२० जेठमा भारत भ्रमण सकेर फर्किएपछि देउवा सिंगापुर जानुलाई अर्थपूर्ण रुपमा हेरिएको थियो । स्वास्थ्य उपचार भनेपनि राजनीतिक वृत्तमा सत्ता समीकरण परिवर्तनकै चर्चा गरिएको थियो । नभन्दै बजेट पारित गर्ने क्रममा प्रधानमन्त्री प्रचण्डले सत्ता समीकरण फेर्ने प्रयास भएपनि असफल भएको बताउनुले अझ देउवाको भ्रमणलाई चासोका साथ हेरिएको थियो । अर्कातिर प्रधानमन्त्री प्रचण्डले भारत भ्रमण गर्नु अगाडि माओवादीका शीर्ष नेताहरुले दुई साता लामो चीन भ्रमण गरे ।

माओवादी उपाध्यक्ष अग्नि सापकोटा नेतृत्वको त्यो टोलीले चिनियाँ नेताहरुसँग भेटवार्ता गरेका थिए । लगत्तै माओवादीका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ चीन भ्रमण गरे । १७ असारसम्म

पृष्ठ २ मा

# विद्युतीय खरिद प्रणाली निर्देशिकाप्रति आपत्ति

**काठमाडौं/मस-** विद्युतीय खरिद प्रणाली निर्देशिकाप्रति सञ्चार उद्यमी र विज्ञापन व्यवसायीहरुले आपत्ति जनाएका छन् । बुधबार नेपाल मिडिया सोसाइटी, मिडिया एलायन्स नेपाल र नेपाल विज्ञापन संघले संयुक्त विज्ञप्ति जारी गर्दै निर्देशिकाको विरोध जनाएका छन् ।




सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी विद्युतीय खरिद प्रणाली निर्देशिका-२०८० ले नागरिक एवम् उपभोक्ता सूचनाको अधिकारलाई कुण्ठित गरेको विज्ञप्तिमा उल्लेख छ । 'हालै नेपाल सरकारबाट स्वीकृत गरी सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको विद्युतीय खरिद प्रणाली निर्देशिका-२०८० ले नागरिक एवं उपभोक्ताको सूचनाको अधिकारलाई कुण्ठित गरेको छ' विज्ञप्तिमा लेखिएको छ ।

कर्मचारीतन्त्र र ठेकेदारबीच सिण्डिकेट खडा गर्न यस्तो निर्देशिका ल्याइएको उनीहरुको ठहर छ । '..सार्वजनिक निर्माणका बोलपत्र टेण्डर सूचना केवल सार्वजनिक खरिद अनुगमन कार्यालय काठमाडौंको वेबसाइटमा राख्ने र प्रचलित कानुन अनुसार, राष्ट्रिय स्तरका दैनिक पत्रपत्रिकाहरुमा प्रकाशित गर्ने प्रचलनलाई रोक लगाउने काम गरेर कर्मचारीतन्त्र र ठेकेदारबीचको सिण्डिकेट खडा गर्ने दुष्प्रयास गरिएको छ', विज्ञप्तिमा उल्लेख छ ।

यो निर्देशिका प्रचलित कानुन र नागरिकको सूचना पाउने संवैधानिक हक विरोधी भएको उनीहरुको ठहर छ । निर्देशिका लहड, अपरिपक्क, अव्यवहारिक तवरबाट ल्याएकोले पुनर्विचार गर्न उनीहरुले माग गरेका छन् ।

'वेबसाइटमा राखेका सूचना तथा

पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### एयरपोर्टमा अध्यागमनको श्रमिक अवरोध प्रकरण

# क्षतिपूर्ति दिन मानव अधिकार आयोगको निर्देशन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ साउन

राष्ट्रिय मानव अधिकार आयोगले अध्यागमन विभागले बिना कारण फर्काएका डेढ सय बढी कामदारलाई क्षतिपूर्ति दिन सरकारलाई निर्देशन दिएको छ । बुधबार विज्ञप्ति जारी गर्दै आयोगले आप्रवासी कामदारहरूको प्रस्थान अनुमतिमा अध्यागमन विभागद्वारा लगाइएको रोकप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको बताउँदै क्षतिपूर्ति दिन निर्देशन दिएको हो ।

संस्थागत श्रम स्विकृति लिइ वैदेशिक रोजगारका लागि कुवेत र जोर्डन जान लागेका कामदारहरुलाई असार २४ गतेदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका कर्मचारीले भिसा र कागजातहरू शंकास्पद रहेको भन्दै फर्काएका थिए । श्रम स्वीकृति लिएका कामदारलाई बिनाकारण फर्काइएपछि वैदेशिक रोजगार व्यवसायी अध्यागमन विभागका महानिर्देशक झलकराम अधिकारीको राजीनामा माग गर्दै सडकमा उत्रिएका थिए ।

आयोगले संस्थागत श्रम स्विकृति लिइ वैदेशिक रोजगारीका लागि कुवेत र जोर्डन प्रस्थान गर्न लागेका १ सय ५६ जना नेपाली नागरिकलाई अध्यागमन कार्यालयद्वारा प्रस्थानमा लगाइएको रोक र त्यसले उनीहरूको अधिकार प्रचलनमा पारेको प्रभावप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

बिनाकारण कामदार फर्काएको विषयलाई लिएर अध्यागमन विभाग र वैदेशिक रोजगार विभागबीच एकअर्कालाई आक्षेप, अविश्वास व्यक्त गरी विज्ञप्ति जारी भएका थिए । आयोगले जिम्मेवार निकायहरूबीच सार्वजनिकरुपमै आरोप-प्रत्यारोप भएको अवस्थाले ती निकायहरु श्रमिकहरूको अधिकारप्रति संवेदनशील हुन नसकेको भन्दै आप्रवासी कामदारहरूको अधिकार उपभोग र प्रचलनमा अवरोध हुन पुगेको स्पष्ट देखिएको बताएको छ ।

वैदेशिक रोजगारीका लागि प्रस्थान गर्न लागेका नेपाली नागरिकहरूलाई फर्काइनुको स्पष्ट कारण बाहिर नल्याइएको एवम् श्रम प्रशासन र अध्यागमन प्रशासनबीच समन्वय, सहकार्य, सूचनाको आदान-प्रदान र विश्वसनीयताको अभावका कारण उनीहरुको आवतजात र रोजगारीको हक उल्लंघन हुन गएको आयोगले आफ्नो प्रारम्भिक अनुगमनबाट

पृष्ठ २ मा

# भत्ता लिन सधैंको सास्ती

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, ३ साउन ।



सडक छेउमा लहरै बसेका वृद्धवृद्धाहरू झट्ट हेर्दा कुनै धार्मिक कार्यक्रममा उपस्थित भएजस्तै देखिन्छन् । प्रवचन सुन्न बसेका जस्तो देखिने उनीहरूको पीडा भने अर्कै छ । सरकारले ज्येष्ठ नागरिकका लागि प्रदान गर्ने वृद्धभत्ता पाउन उनीहरू सडकमा लाइनमा बस्ने गरेका छन् । स्थानीय सरकारले वितरण गर्ने सामाजिक सुरक्षा भत्ता लिनका लागि उनीहरू यसरी सधैंजसो लाइन लागेका हुन्छन् ।

बरहथवा नगरपालिकाले आफ्नो क्षेत्रमा १८ वटै वडामा बैंकमार्फत वृद्धभत्ता वितरण गर्दै आएको छ । सरकारले सामाजिक सुरक्षा भत्ता बैंकमार्फत् दिने व्यवस्था मिलाएपछि भत्ता लिन आउने वृद्धवृद्धाले भत्ता बुझ्न यस्तै लामो लाइन बस्नुपर्ने अवस्था रहँदै आएको छ ।

बरहथवा नगरपालिकाले गएको माघ महिनादेखि असार महिनासम्मको सामाजिक सुरक्षा भत्ता वितरण गर्न थालेको छ । भत्ता लिन बैंकको सडक छेउमा दिनभर कुर्नुपर्ने अवस्था छ ।


बरहथवा बजारस्थित प्रभु बैंक पुगेका बरहथवा-२ हजरियाका ७९ वर्षीय नरबहादुर राउतले भत्ता लिन असाध्यै सास्ती खेप्नुपरेको गुनासो गरे । उनले भने, 'बुढेसकालमा घण्टौं लाइनमा बस्नुपर्छ, लाइनमा बस्दा ज्यानलाई निकै समस्या भयो ।'

बरहथवा-४ की ७२ वर्षीया दुखिया देवीले पनि ज्येष्ठ नागरिकले पाउने भत्ता लिन धेरै झन्झट व्यहोर्नु परेको बताइन् । भत्ता लिन धेरै समय

पृष्ठ २ मा

# बालविकास भवन जीर्ण बन्दा विद्यार्थी घरमै बस्न बाध्य

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ३ साउन



हुम्लामा बालविकासको भवन जीर्ण बन्दा बालबालिका घरमै बस्न बाध्य भएका छन्। जिल्लाको सिमकोट गाउँपालिका-७, पनङ्लाथुममा रहेको प्रेमी बालविकासको भवनको अवस्था जीर्ण बन्दा त्यहाँका बालबालिकाले बालविकास जान छोडेका हुन्।

स्थानीय सरजन शाही भन्छन्, 'भवनको अवस्था जीर्ण छ, झन् वर्षाको बेला त भवन भत्किने सम्भावना हन्छ। त्यसकारण बालबालिका विद्यालय पठाउन डर लाग्छ।'

'बालाविकासको भवन करिब दश वर्ष अगाडि बनाइएको हो, भवनमा दुई कोठा छन्। एक कोठा शिक्षकहरुले प्रयोग गर्छौं। अर्को बस्न मिल्ने खालको छैन', बालविकासकी शिक्षक पार्वति मल्लले भनिन्। शिक्षक मल्लका अनुसार बालविकासमा गाउँका जम्मा आठ जना बालबालिका छन्। तीमध्ये पनि दुई/तीन जना मात्र विद्यालय आउने गरेको उनको भनाइ छ। बालविकासमा कक्षा कोठाको मात्रै नभई पानी, शौचालयसमेत नभएकोमा मल्लले दुखेसो पोखिन्। भवनभित्र बस्न र पढाउन पनि डर भएको हुँदा गाउँका बालबालिका नआउने गरेको उनी बताउँछिन्।

'विद्यालयको भवन जीर्ण छ। त्यसैमाथि विद्यालयमा हुनु पर्ने सेवा सुविधा पनि छैनन्। त्यसकारण बालबालिका आउन माल्दैनन्', शिक्षक मल्लले भनिन्। गाउँमा बालविकासको अवस्था मात्रै नभएर बाटो पनि बिग्रेकाले विद्यालय जाने विद्यार्थीको संख्यामा कमी आएको बताउँछन् अर्का स्थानीय गोकुल शाही। बालविकासको भवन बनाउने आश्वासन दिने निकाय र जनप्रतिनिधिले त्यसतर्फ चासो नदिएको र गाउँका बालबालिका करिब एक घण्टाको बाटो हिँडेर विद्यालय जान बाध्य भएपनि बालविकास खाली हुने गरेको गाउँका स्थानीयको भनाइ छ। सेवा सुविधा नहुँदा बालबालिकाको भविष्य नै अन्धकार हुने स्थानीय बताउँछन्।

# अपाङ्गता अधिकारसम्बन्धी महासन्धि कार्यान्वयन नभएको भन्दै चिन्ता व्यक्त

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ साउन



अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धी २००६ कार्यान्वयन हुन नसकेको भन्दै सरोकारवालाहरुले चिन्ता व्यक्त गरेका छन्।

राष्ट्रिय अपाङ्ग महासंघ नेपालले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धी २००६ (सिआरपीडि)को कार्यान्वयन अनुगमन(संघीय तह)को अध्ययन प्रतिवेदन सार्वजनिक कार्यक्रममा सहभागीहरुले अझै पनि सिआरपीडि कार्यान्वयन हुन नसकेको बताए। नेपाल सिआरपीडीको पक्ष राष्ट्र भएको बाह्र वर्ष हुँदै गर्दा सिआपीडी कति कार्यान्वयनमा आउन सक्यो, सकेन भन्ने सन्दर्भमा कार्यक्रममा छलफल भएको थियो।

कार्यक्रममा राष्ट्रिय समावेशी आयोगका सदस्य हरिद्वत्त जोशीले आयोग राज्यकै सहयोगी निकाय भएको भन्दै अपाङ्गता भएका नागरिकका सवाललाई समावेशीताको मर्म अनुरुप समेट्नका लागि आयोग संवेदनशिल रहेको बताए।

श्रम मन्त्रालयका सहसचिव डण्डुराज घिमिरेले कतिपय कानूनहरु अहिले पनि परिवर्तन हुन नसकेको भन्दै त्यस्ता दस्तावेजहरु संशोधनको खाँचो रहेको बताए।

राष्ट्रिय योजना आयोगका सहसचिव किरण रुपाखेतीले अपांगता भएका व्यक्तिहरुका लागि राज्य पक्ष संवेदनशिल हुनुपर्ने बताए। सर्वोच्च अदालत अन्तर्गतको न्यायमा पहुँच आयोगकी सहरजिष्ट्रार रामप्यारी सुनुवारले अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा पहुँचका लागि आफूहरुले काम गरिरहेको बताइन्।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयकी प्रतिमा राईले मन्त्रालयले सिआरपीडीलाई अगाडि बढाउने काम गरिरहेको बताइन्। राष्ट्रिय मानव अधिकार आयोगकी कल्पना नेपाल आचार्यले आयोगले संवैधानिक कार्यादेश अनुसार काम गरिरहेको बताइन्।

राष्ट्रिय अपाङ्ग महासंघ नेपालका पूर्व अध्यक्ष डा वीरेन्द्रराज पोखरेलले नेपाल सीआरपीडीको पक्ष राष्ट्र भएको दशक भन्दा बढी हुँदा पनि राज्यका तर्फबाट एक मात्र प्रतिवेदन सार्वजानिक हुनु राज्य अपाङ्गता क्षेत्रप्रति निरपेक्षता साँधेको मान्न सकिने बताए।

उनले राष्ट्रिय समावेशी आयोग लगायतका संवैधानिक आयोगहरु पनि सीआरपीडी कार्यान्वयनका सवालमा राज्यलाई रचनात्मक एवं प्रभावकारी सल्लाह, सुझाब दिन चुकेको बताएका थिए।

अध्ययन प्रतिवेदन सार्वजनिक गर्दै सहजकर्ता मनिष प्रसाईले नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय महासन्धी(यूएनसिआरपीडि)को पक्षराष्ट्र भएको झण्डै डेढ दशक पुग्न पुग्न लाग्दा समेत महासन्धिको कार्यान्वयन हुन नसकेको बताए। उनले यसको कार्यान्वयनको लागि कुनै पनि निकायले गम्भीरता पूर्वक नसोचेको बताए। महासंघका प्रवक्ता रमेश पोखरेलले सहजीकरण गरेको कार्यक्रममा वरिष्ठ उपाध्यक्ष राम कार्कीले स्वागत मन्तव्य राखेका थिए भने कार्यक्रमको उद्देश्यमाथि महासचिव सुगम भट्टराईले प्रकाश पारेका थिए। कार्यक्रम महासंघका अध्यक्ष देवीदत्त आर्चायको अध्यक्षतामा सम्पन्न भएको थियो।

# मधेश प्रदेशमा लम्पी स्किन रोगबाट ५२ हजार बढी पशुचौपाया प्रभावित

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, ३ साउन



लम्पी स्किन रोगबाट मधेश प्रदेशमा करिब ५२ हजार ६ सय ८६ पशुचौपाया प्रभावित भएका छन् भने एक हजार ७ सय पशुचौपाया मरेका छन्। मधेश प्रदेशका ८ जिल्लामध्ये सबैभन्दा महोत्तरीमा यस रोगको प्रकोप देखिएको छ। महोत्तरीमा यस रोगबाट २४ हजार तीन सय ९६ गाई/गोरु र १६ भैंसी/रांगा गरी कुल २४ हजार ४ सय १२ पशुचौपाया प्रभावित भएका छन् भने दुई सय पाँच गाई/गोरु मरेका छन्।

त्यस्तै सिरहा जिल्ला यस रोगबाट प्रभावित हुने दास्रो जिल्लाको रुपमा रहेको छ। यस जिल्लामा १३ हजार ८ सय ५७ गाई/गोरु र चार सय ३६ भैंसी/रांगा प्रभावित भएका छन् भने यो रोगबाट यस जिल्लामा ११ सय १८ वटा गाई/गोरु मरेका छन्। त्यस्तै धनुषामा यस रोगबाट पाँच हजार चार सय ८६ गाई/गोरु र तीन सय सात भैंसी/रांगा प्रभावित छन् भने एक सय ४३ गाई/गोरु मरेका छन्।

सर्लाहीमा यस रोगबाट कुल तीन हजार ५३ वटा चौपाया प्रभावित छन्। यस जिल्लामा दुई हजार सात सय १६ गाई/गोरु र तीन सय ३७ भैंसी रांगा प्रभावित छन् भने ९८ वटा गाई/गोरु मरेका छन् र ५ वटा भैंसी/रांगा पनि मरेका छन्। सर्लाहीमा तीन सय २५ वटा चौपायामा भ्याक्सिन दिइएको छ। सप्तरीमा दुई हजार पाँच सय गाई/गोरु प्रभावित भएका छन् भने ६ सय भैंसी/रांगा प्रभावित छन्। सप्तरीमा ४० वटा गाई/गोरु मरिसकेका छन्।

बारामा यस रोगबाट कुल ९ सय ६४ चौपाया प्रभावित भएका छन् भने ६१ चौपाया मरेको बताइएको छ। यस जिल्लामा ९ सय ६२ गाई/गोरु र दुई भैंसी/रांगा प्रभावित छन् भने ६१ वटा गाई/गोरु मरेका छन्। यस जिल्लामा १० हजार चौपायामा यस रोगविरुद्धको भ्याक्सिन दिइएको छ।

त्यस्तै रौतहट जिल्लामा कुल ९ सय ४९ चौपायामा लम्पी स्किन रोग देखिएको छ भने भने २९ वटा चौपाया मरेका छन्। यस जिल्लामा ९ सय ३९ गाई/गोरु र १० वटा भैंसी/रांगा यस रोगवाट प्रभावित भएका छन्। यस जिल्लामा २८ वटा गाई/गोरु र १ वटा भैंसी/रांगा गरी कुल २९ वटा चौपाया मरेको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले जानकारी दिएको छ। त्यस्तै यस रोगको प्रभाव पर्सा जिल्लामा कम देखिएको छ। यस जिल्लामा कुल एक सय २२ वटा चौपाया प्रभावित भएका छन् भने एक चौपाया मरेको छ। यस जिल्लामा १ सय १५ गाई/गोरु र ७ भैंसी/रांगा गरी एक सय २२ चौपाया प्रभावित भएको निर्देशनालयले जानकारी दिएको छ।

# राज्यले नचिन्दा वास्तविक मूर्तिकार ओझेलमा



**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ३ साउन

सम्बन्धित निकाय तथा राज्यले वास्तविक मूर्तीकला बनाउने मूर्तिकारलाई चिन्न नसक्दा ओझेलमा परिरहेका छन्। त्रियुगा नगरपालिका नगरपालिका-३ मोतिगडा क्याम्पसगेट नजिक मूर्तिकार रामचन्द्र पण्डितले विगत चार वर्षदेखि वैधानिक रुपमा 'उदयपुर मूर्तीकला केन्द्र' सञ्चालनसँगै माटोबाट मास्टर पिस अर्थात् नमूना निकालेर ढुंगा, सिमेन्ट, मेटल, फाइबरबाट विभिन्न किसिमका भगवानका मूर्ती, शिलालेख, सालिक, गजुर इत्यादी बनाउँदै आएका छन्।

काठमाडौं, भारतको सिलिगुडी तथा ललितकलामा यस सम्बन्धी विविध शिक्षा ज्ञान र व्यवहारिक तालिम लिएको पण्डित बताउँछन्। उनले नेपालमा काम गर्दै गर्दा राष्ट्रिय कार्यक्रमको सहभागिता सँगसँगै कामको सिलसिलामा जापान तीन वर्ष बसाइँ सकेर बाबू बाजेको पूर्ख्यौली पेसा र पहिचानलाई निरन्तरता दिँदै आएको बताए।

जापानमा रहँदा ढुंगामा कुदेर सुन्दर आकर्षक गौतम बुद्धको ठूलो मूर्तीलाई मूर्तरूप दिएको उनी बताउँछन्। यो पेशाबाट आर्थिक लाभका साथै परिवारको साथ सहयोग र हौसला पाएपनि वास्तविक मूर्ती बनाउने मूर्तिकारलाई सम्बन्धित निकाय तथा राज्यले वेवास्ता गरेको उनी बताउँछन्। सेवासुविधा पहल कदमी सहभागीतामा पहुँच सहयोग नहुँदा ओझेलमा परेको उनको गुनासो छ। राज्यले पहुँच र ठेक्काको आधारमा योजनाहरुका काम लगाउँदा आफू जस्ता मूर्तिकारलाई गाह्रो पर्दै आएको उनको भनाइ छ। सुरुवाती चरणमा ५० हजार रुपैयाँ लगानीमा जग्गा भाडामा लिएर 'कृष्ण सिर्जना कुञ्ज' फर्म सञ्चालन गरेका उनले अहिले १५ लाख हाराहारीमा लगानी रहेसँगै वार्षिक ज्याला, कच्चापदार्थ इत्यादी कटाएर ६ लाख रुपैयाँसम्म आम्दानी हुने उनी बताउँछन्। फर्ममा दैनिक ६ जनाले काम गर्दै आउनुका साथै संखुवासभा, झापा, तनहुँ आबुखैरेनी, दाङ, घोराही तथा पश्चिमी महाकालीसम्म मूर्तीको माग र बिक्रीवितरणसँगै बजार रहेको उनी बताउँछन्।

# उच्च अदालत सुर्खेत जुम्ला इजलासमा लक्ष्यभन्दा बढी मुद्दा फछ्र्यौंट

**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, ३ साउन

उच्च अदालत सुर्खेत जुम्ला इजलासले लक्ष्य भन्दा बढी मुद्दा फछ्र्यौंट गरेको छ। आर्थिक वर्ष २०७९/८० को वार्षिक लक्ष्यभन्दा बढी मुद्दा फछ्र्यौंट गरेको हो। आर्थिक वर्ष २०७९/८० मा ५० प्रतिशत मुद्दा फछ्र्यौंट गर्नुपर्नेमा ११५.८ प्रतिशत मुद्दा फछ्र्यौंट भएको उच्च अदालत सुर्खेत जुम्ला इजलासका वरिष्ठतम् न्यायाधीश श्रीमण कुमार गौतमले जानकारी दिए। बुधबार पत्रकार भेटभाट कार्यक्रममा अघिल्लो आर्थिक वर्षको जिम्मेवारी सरेर आएका ९९ थान मुद्दामध्ये शतप्रतिशत फछ्र्यौंट भएको बताएका छन्।

उनका अनुसार नयाँ दर्ता भएका १ सय ५६ थान मुद्दामध्ये १ सय ९ थान अर्थात् ६९.८७ प्रतिशत मुद्दा फछ्र्यौंट भएको छ। इजालसले यो वर्षका सबै मुद्दा फछ्र्यौंट गरेको जनाएको छ। मुद्दाको लागत, देवानी, फौजदारी र रिट लगायतका मुद्दा फछ्र्यौंट भएका हुन्। शुरू मुद्दा २ वटामध्ये दुवै फछ्र्यौंट भएका छन् भने देवानी २५ वटा मुद्दामध्ये १९ वटा फछ्र्यौंट भइ ६ वटा बाँकी रहेका छन्। त्यस्तै सरकारवादी फौजदारी २ सय १ वटा मुद्दामध्ये १ सय ६३ वटा मुद्दा फछ्र्यौंट भएका छन् भने ३८ वटा बाँकी रहेका छन्। रिट २७ वटा मुद्दामध्ये २१ वटा फछ्र्यौंट भएका छन् भने ६ वटा बाँकी रहेका छन्। त्यस्तै फौजदारी तर्फका २ सय १ मुद्दा मध्ये १ सय ६३ वटा फछ्र्यौंट भएका छन्। यस्तै ३८ वटा बाँकी रहेको वरिष्ठतम् न्यायाधीश गौतमले जानकारी दिए। जुम्ला जिल्ला अदालतका कुल लागतका ६०.९६ प्रतिशत मुद्दा फछ्र्यौंट भएका छन्। त्यस्तै कालिकोट जिल्ला अदालत कुल लागतको ७१.०३ प्रतिशत, मुगु जिल्ला अदालतको ८९.१० प्रतिशत, डोल्पा जिल्ला अदालतको ४३.१० प्रतिशत र हुम्लामा जिल्ला अदालतको कुल लागतको ५४.१६ प्रतिशत मुद्दा फछ्र्यौंट भएका छन्।

## भ्रमणको...

भएको यो भ्रमणमा उपप्रधानमन्त्री श्रेष्ठले चीनका शीर्ष नेताहरुसँग भेटवार्ता गरेका थिए।

नेपालका नेताहरुको जस्तै शक्ति राष्ट्र चीन, अमेरिका र भारतीय नेताहरुको काठमाडौं भ्रमण पनि बाक्लिएको छ। प्रचण्डले भारत भ्रमण गर्नु अगाडि चिनियाँ नेता सियाओहुई नेतृत्वको टोलीले बालुवाटार पुगेरै भेटेका थिए। फेरि चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) का पोलिब्यूरो तहकै नेताले नेपाल भ्रमण गर्दैछन्। सीपीसीका नेता युआन जियाजुन नेतृत्वको टोलीले यही साता काठमाडौं भ्रमण गर्ने तय भएको छ।

चिनियाँ नेताहरुकै जस्तो अमेरिकी भ्रमण पनि नेपालमा बढेको देखिन्छ। गएको २९ असारमा मात्रै अमेरिकी सहायक विदेश मन्त्री डोनाल्ड लू नेपाल आएर शीर्ष नेताहरुसँग भेटवार्ता गरेका छन्। एसियाली मुलुक हेर्ने यी नेताको काठमाडौं भ्रमण केही वर्ष यता बाक्लिएको छ। नेपाली नेताहरुकै भ्रमण बढिरहेकाले भारतीय पक्षबाट उच्च तहको भ्रमण भएको छैन। तर राजनीतिक रुपमा महत्वपूर्ण अर्थ राख्ने भ्रमण भारतीय पक्षबाट समेत भएको छ। ५ मन्त्रीहरुसहित प्रधानमन्त्री प्रचण्डले भारत भ्रमण गर्नुअघि भारतीय प्रधानमन्त्रीका भाइ प्रह्लाद मोदीले नेपाल भ्रमण गरी शीर्ष नेताहरुसँग सम्वाद गरेका थिए।

जबकी विश्वब्यापी आर्थिक अवस्थालाई लिएर विदेश भ्रमण घटाउने सरकारले नीति लिएको छ। तर त्यसलाई बिर्साउनेगरी नेताहरुको विदेश भ्रमण चलिरहेको देखिन्छ।

## विद्युतीय...

जानकारी छोटो वा लामो समय सम्म हेर्न नसकिने बनाउने, एकपटक राखेको जानकारीमा पछि कुनै पनि समयमा फेरवदल गर्ने जस्ता आपराधिक कामहरु बारम्बार भइरहेका अनुभव थुप्रै छन्' विज्ञप्तिमा लेखिएको छ, 'कम्प्युटर साक्षरता दर अति न्यून रहेको तथा इन्टरनेटको पहुँच पनि कम रहेको मुलुकमा सार्वजनिक निर्माण तथा खरिद आसयपत्र, बोलपत्र, टेण्डर सम्वन्धी जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषयका सुचना तथा जानकारीहरुलाई कुनै कार्यालयको वेबसाइटमा मात्र राखेर कर्मकान्डी ढंगबाट कुनै अमुक संस्थालाई फाइदा पुर्‍याउने षडयन्त्रको घोर भर्त्सना गर्दछौं।'

## एयरपोर्टमा...

देखिएको बताएको छ। सेवा प्रवाह एवम् यस्ता विषयहरूमा गम्भीर हुन आयोगले सम्बन्धित निकायहरूको ध्यानाकर्षण पनि गराएको छ। आयोगले आप्रवासी श्रमिकहरूको अधिकारप्रति संवेदनशील भइ वैदेशिक रोजगार व्यवस्थापनमा जिम्मेवार निकायहरूबीच प्रभावकारी समन्वय हुन, वैदेशिक रोजगारीमा जाने क्रममा अध्यागमन कार्यालयबाट रोक लगाइ फर्काइएका कामदारहरूको आर्थिक क्षतिको आँकलन गरी क्षतिपुर्तिको व्यवस्था गर्न, उक्त कार्यमा संलग्न अधिकारीहरुलाई जिम्मेवार बनाउन र आप्रवासी श्रमिकको अधिकार संरक्षण सम्बन्धमा आयोगले विगतमा गरेका सिफारिसहरूको कार्यान्वयनका लागि सरकारसमक्ष आग्रह गरेको छ।

बिनाकारण कामदार फर्काइएपछि वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले अध्यागमन विभागका महानिर्देशक अधिकारीसमक्ष दोषीलाई तत्काल कारबाही र कामदारलाई हवाइ टिकटको क्षतिपूर्ति दिन माग गरका थिए। तर महानिर्देशक अधिकारीले निजामती कर्मचारीलाई क्षतिपूर्तिका लागि जिम्मेवार बनाउन नसकिने भन्दै क्षतिपूर्ति चाहिने भए गृह मन्त्रालय जान ठाडो भाषामा चुनौती दिएका थिए। उनले कामदार फर्काएको विषयमा कर्मचारीको दोष नभएको दाबीसमेत गरेका थिए।

## भत्ता...

खर्चनुपर्दा बुढेसकालको शरीर थाकेर बिरामी नै हुने अवस्था आएको उनको गुनासो छ। 'पहिले घरमै दिन्थ्यो तर अहिले दुःख दियो' उनले भनिन्, 'अहिले बैंकबाट दिन थालेकाले फेरि झन्झट र समस्या भएको छ।'

अनुप सहनी, सूखिया देवी, बुधिया देवी, सरस्वती सहनी र रामबती देवीजस्ता धैरे ज्येष्ठ नागरिकको पीडा एउटै छ। वृद्धभत्ता लिन लाइन बसेका वृद्ध कोही कान नसुन्ने तथा हिँडडुल गर्न नसक्ने समस्या भएको अवस्थामा स्थानीय सरकारले अब घरघरमा भत्ता वितरण गर्नुपर्ने व्यवस्था मिलाउन उनीहरूले आग्रह गरेका छन्।

बरहथवा नगरपालिकाबाट १२ हजार ३ सय १५ जनाले सामाजिक सुरक्षा भत्ता पाउने तथ्यांक छ। आर्थिक वर्ष २०५१/०५२ बाट नेपाल सरकाले ज्येष्ठ नागरिकलाई भत्ता वितरण गर्न थालेको हो। बरहथवा नगरपालिकाले आर्थिक वर्ष २०७६/०७७ देखि बैंक प्रणालीमार्फत भत्ता वितरण गरेको नगरपालिकाका सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाका प्रमुख अरबिन्द कुमार यादवले बताए।

नगरपालिकाको १८ वटा वडाका सामाजिक सुरक्षा भत्ता बैंकमार्फत दिइराखिएको उनले बताए। उनले आर्थिक वर्ष २०७९/०८० मा ६ करोड ७५ लाख रूपैयाँ वितरण गरिएको बताए। उनका अनुसार ज्येष्ठ नागरिक अहिले तेस्रो र चौथो किस्ताबापतको रकम लिन बैंकसम्म धाउने गरेका छन्। नगरभित्रका नेपाल बैंक, एनआइसी एसिया, प्रभु र कुमारी बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण भइरहेको छ।

बैंकमा आउन नसक्ने ज्येष्ठ नागरिक र 'क' वर्गका अपाङ्गता भएका व्यक्तिका लागि घरमै गएर भत्ता वितरण शुरु भएको सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाका प्रमुख यादवले जानकारी दिए। भत्ता लिन जाँदा ज्येष्ठ नागरिक सबै एकै पटक बैंकमा जाने बानी बसेकाले उनीहरूलाई भत्ता लिन सास्ती भएको उनको भनाइ छ। 'भत्ता बुझ्न अन्य समयमा पनि जान सकिन्छ' उनले भने, 'तर उहाँहरू पछि गए भत्ता हराउँछ भन्ने भ्रमका कारण एकै पटक जाँदा बैंकमा भिड बढ्छ।' तर पनि यो समस्या केही समयपछि सहज हुने शाखा प्रमुख यादवको भनाइ छ।

गर्मीको समयमा ज्येष्ठ नागरिकलाई बैंकमा बस्नुपर्दा अप्ठ्यारो भएकाले आगामी दिनमा यसको दीर्घकालिन समाधान खोज्नुपर्ने बरहथवा पालिकाका वरिष्ठ समाजसेवी विश्वनाथ महतो बताउँछन्। यस्तो गर्मीमा बैंकमा लाइन बस्न ज्येष्ठ नागरिकलाई निकै गाह्रो हुने महतोको भनाइ छ। उनका अनुसार सामाजिक सुरक्षा भत्तामा हुने अनियमितता रोक्न बैंकिङ प्रणाली अवलम्बन गरिएको थियो। तर यसलाई प्रभावकारी नबनाउँदा ज्येष्ठ नागरिकले सास्ती खेपिरहेका छन्।


## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी : EJADAH ASSET MANAGEMENT GROUP LLC — शहर : UAE,DUBAI
पूर्व स्वीकृत मिति: २०८०/०४/०३ — चलानी नं.: ६०२०४८७७ — LT. No.: 289684

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 200 | 50 | सम्बन्धित काममा दक्ष | 800 | २८,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard | 200 | 0 | | 1200 | ४२,७८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन ११ गते (27 July 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Govt. Lic. No.: 821/066/067 — ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
Branch offices:
Pokhara : 061590071 | 590070 | 9856036098 | 9825519206, Chitwan : 056-595592 | 9802909595,
Butwal : 071-533111 | 9857077841, Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051

## कुवेतमा वैदेशिक रोजगार

कम्पनी : TANZIFCO COMPANY WLL — शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/०४/०३ — चलानी नं.: ६०२०४८७६ — L.T. No. 289645

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANER/HELPER | 0 | 250 | स. काममा दक्ष | 85 | ३६,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन ११ गते (27 July 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Index Recruitment Pvt. Ltd.
श्रम ईजाजत नं. १५४३/०७८/०७९
Chabahil-7, Kathmandu, Nepal, Tel: 01 5911443, Mobile: 9808682238
E-mail: info@indexruitment.com.np / Website : www.indexrecruitment.com.np

# हुलाकी राजमार्गको निर्माणाधीन पुल अलपत्र छाडेर ठेकेदार सम्पर्कविहीन

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, ३ साउन



हुलाकी राजमार्गको निर्माणाधीन पुल अलपत्र छोडेर ठेकेदार सम्पर्कविहीन भएका छन् । हुलाकी राजमार्गअन्तर्गत राजविराज-कन्चनपुर जोड्ने अग्नीसाइर कृष्णासवरन गाउँपालिका -४ बनौलीस्थित कालीया खोला-१ मा निर्माणाधीन रहेका पुल अलपत्र अवस्थामा छोडेर ठेकेदार विकाश झा सम्पर्कविहीन भएका भएका हुन् ।

लामा बामती निर्माण सेवाले वि.स. २०७१ सालमा निर्माण शुरु गरेको उक्त पुल अझै सम्पन्न नभएपछि यतिबेला सदरमुकाम आउनेजाने हजारौं मानिसहरुको आवतजावत जोखिमपूर्ण बनेको छ । निर्माण सेवाले हालसम्म २ करोड १३ लाख २९ हजार ४ सय ५९ रुपैयाँ भुक्तानी पाइसके पनि निर्माण सम्पन्न गर्न बाँकी रहेको काम ठेकेदारले अलपत्र छोडेका छन् ।

निर्माण कम्पनीको ढिलाइ र आयोजना कार्यान्वयन इकाईको बेवास्ताले गर्दा उक्त पुलको समयमै निर्माण सम्पन्न हुन नसकेको हो । साथै सप्तरी सदरमुकासँगको जनसम्पर्क पनि टुटेको छ । उक्त पुलको हालसम्म ८१.२३ प्रतिशत काम सम्पन्न भएको आयोजनाका सव-इन्जिनियर अमरेन्द्र भगतले जानकारी दिए ।

वर्षाको समयमा खोलामा अत्यधिक बाढी आउने गरेकाले आवतजावतमा अवरोध सिर्जना हुने गरेको तिरहुत गाउँपालिका-४ का निवर्तमान वडा अध्यक्ष मनोज कुमार यादवको भनाइ छ । उनका अनुसार लगातार वर्षा भएपछि उक्त खोलाबाट चार पाङ्गे र दुई पाङ्गे गाडी आउनेजाने क्रम पूर्णरुपमा बन्द भएको छ ।

'स्थानीयवासीहरुको निरन्तर दबाबले समेत निर्माण कम्पनी र आयोजना कार्यान्वयन गर्ने इकाई गम्भीर भएको छैन । राजविराजबाट जिल्लाको पूर्व जोड्ने तिरहुत गाउँपालिका, कन्चरुप नगरपालिका, सप्तकोसी नगरपालिका र उदयपुर जिल्लासम्मका लाखौं यात्रीले छोटो दुरी प्रयोग गर्ने उक्त बाटोमा अवरोध आएको छ । पटकपटक दबाब दिएपनि एक दशक बितिसक्दा समेत निर्माण सम्पन्न हुन सकेको छैन । पुल निर्माण कार्य अलपत्र छोडेर ठेकेदार लापत्ता भएपछि स्थानीयहरुले अब सडक संघर्षबाटै दबाब दिनुपर्ने आवश्यकता आएको महसुस हुँदै छ', उनले भने ।

पुल निर्माणमा ढिलाइ गरेपछि बज्रगुरु निर्माण सेवा जेभीको ठेक्कामा रहेको करिब दुई किलोमिटर सडकको कालोपत्रे पनि अलपत्र भएको स्थानीयको भनाइ छ । डिमनदेखि बनौलीसम्मको सडकमा कालोपत्रे हुन नसकेको हो । उक्त सडक निर्माण कम्पनीले समेत कलिया खोलाको पुल र तिरहुत गाउँपालिका-५ बुधेवाको पुल निर्माण नभएपछि कालोपत्रेमा ढिलाइ भएको बताएका छन् । बर्खायामको बेला खोलामा अत्यधिक पानी आउँदा त्यहाँको बाटो नै बन्द भएपछि दश गाउँबीचको जनसम्पर्क समेत टुटेको स्थानीयको भनाइ छ । त्यस्तै स्कुले छात्रछात्राको पठनपाठनसमेत बन्द भएको स्थानीयले बताए ।

बुधेवास्थित सो पुलको २ करोड भन्दा बढी लागतमा निर्माण शुरु गरिएको डेढ दशक बितिसकेको छ । यद्यपि सो पुल निर्माण सम्पन्न भइसकेको भैरव आश्रया निर्माण सेवा जेभीका ठेकेदार मुकेश कुमार यादवले बताए । आर्थिक वर्ष २०७५/०७६ मा महुली खोलामा आएको बाढीले खोला फुटेर यही पुल भएर बोगेका कारण ढिलाइ भएकै हो । तर अहिले पुललगायत माटो भर्ने कार्य सम्पन्न भइसकेको छ । ग्राभेल हालेपछि कार्य सम्पन्न हुने ठेकेदार यादव बताउँछन् ।

कालीया खोलाको पुल सञ्चालनमा ढिलाइ भएपछि बाटो बन्द गरिएकाले वडा कार्यालयले तत्काल खोलाको बाटोको मर्मत-सम्भार थालेको अग्नि साइर कृष्ण संवरण गाउँपालिका -४ का वडाअध्यक्ष तेजनारायण यादवले बताउँछन् । 'बाढीले खोला खनिएको अवस्था थियो । तत्काल मेरो पहलमा ८० बोरा सिमेन्ट, चार ट्याक्टर गिट्टी र बालुवासहित पिसिसि ढलान गरिएको छ ।आवतजावत सहज होस् भनेर तत्काल मर्मत गरिए पनि ठेकेदारलाई कारबाही गर्न जिल्ला प्रशासन कार्यालय सप्तरीमा समेत उजुर गरिसकेको छु', उनले भने ।

भौतिक प्रगति ८८ प्रतिशत सम्पन्न भएको सो पुलको मूल्य अभिवृद्धि करसहित २ करोड ९६ लाख ३० हजार २ सय ९४ रुपैयाँ ६९ पैसा लागतमा निर्माण थालिएको छ । पुल निर्माण अलपत्र भएपछि आक्रोशित बनेका स्थानीयहरुले कम्पनीलाई कारबाही गर्न स्थानीय प्रशासनसँग माग राखेका छन् ।

# रुकुम पश्चिमका ५४ जना पत्रकारको दुर्घटना बीमा

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ३ साउन

नेपाल पत्रकार महासंघ रुकुम पश्चिमले शाखामा आवद्ध साधारण सदस्यहरु तथा जिल्लामा क्रियाशील पत्रकारको दुर्घटना बीमा गरेको छ । समाचार संकलनका क्रममा विभिन्न जोखिमहरु मोलेर फिल्डमा खटिने भएकाले जिल्लाका ५४ जना पत्रकारको दुर्घटना बीमा गरिएको नेपाल पत्रकार महासंघ रुकुम पश्चिमका अध्यक्ष लक्ष्मण केसीले जानकारी दिए ।



मुसिकोट नगरपालिकाको आर्थिक सहयोगमा विभिन्न सञ्चारमाध्याममा कार्यरत पत्रकार हरुको दुर्घटना बीमा गरिएको उनले बताए । शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडमा ५४ जना पत्रकारको ५४ लाख बराबरको दुर्घटना बीमा भएको छ ।

यस कार्यले जोखिमपूर्ण अवस्थामा पत्रकारिता गरिरहेका पत्रकारलाई कामका लागि थप प्रोत्साहन हुने विश्वास लिइएको अध्यक्ष केसीको भनाइ छ । नयाँलाई आकर्षण र क्रियाशील पत्रकारलाई यस पेशामा टिकाउनका लागि शाखाले दुर्घटना बीमाको कार्यक्रम अघि सारेको उनको भनाइ छ ।

# डडेल्धुरामा बालविवाह मुद्दा शून्य



**दिपकराज भट्ट/मध्यान्ह**
डडेल्धुरा, ३ साउन

सुदूर पहाडको केन्द्रका रुपमा रहेको डडेल्धुरा जिल्लामा बालविवाहका मुद्दा शून्यमा रहेको छ । पछिल्लो समयमा अविभावकहरु नै सचेत हुँदा बालविवाहका मुद्दा शून्य भएको जिल्ला प्रहरी कार्यालय डडेल्धुराको तथ्यांकले देखाउँछ ।

कुनै बेला सचेतनाको कमीका कारण डडेल्धुरासहित सुदूरपश्चिमभरि जटिल समस्याको रूपमा रहेको बालविवाह पछिल्लो समय भने घट्दो मात्रामा रहेको जिल्ला प्रहरी कार्यालय डडेल्धुराका प्रवक्ता प्रहरी निरीक्षक उमाकान्त जोशी बताउँछन् ।

अहिले गाँउघरमा बालविवाहविरुद्ध अविभावकहरु नै सक्रीय बनेका उनको भनाइ छ । सानै उमेरमा विवाह गर्दा पुण्य प्राप्त हुने परम्परागत विश्वासलाई तोड्दै अहिले अविभावकहरु नै बालविवाहको विरुद्धमा लड्न थालेको उनले बताए । साथै प्रहरी, सामाजिक अभियानता, बालअधिकारकर्मीहरुले बालविवाहबिरुद्ध गर्ने जनचेतनामूलक कार्यक्रमहरुको समेत प्रभाव रहेका कारण बालविवाहलाई यस वर्ष शून्यमा झार्न सकिएको उनको दाबी छ ।

सरकारले सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने लक्ष्यका साथ बालविवाहविरुद्ध छुट्टाछुट्टै रणनीतिक योजनाको आवश्यकता महसुस गरी बालविवाहविरुद्धको रणनीति २०७२ लागू गरेको छ । बालविवाहविरुद्ध थाहा पाएको मितिले तीन महिनाभित्र नजिकको प्रहरी कार्यालयमा उजुरी दिन सकिन्छ । बालविवाहको कसुर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिवाना हुन्छ ।


## JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?

**यहाँ JAPAN र KOREA मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।**

Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
सम्पर्क: 01-4958923 / 01-4952044
मो: 9741818340 ( WhatsApp/Viber )



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-AYSH INTERNATIONAL GROUP FOR GENERAL \TRADING & CONTRACTING CO. W.L.L. शहर: Kuwait,AHMADI GOVERNORATE.

पूर्व स्वीकृत मितिः २०७९/०३/१६ चलानी नं.: ६०१८२२१९ LT. No.: 266165 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Store Manager | 3 | 0 | सम्बन्धित काममा दक्ष | 200 | ८५,५२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour | 100 | 0 | | 90 | ३८,४८७ | | | | | | | |
| 3. | Driver | 10 | 0 | | 170 | ७२,६९९ | | | | | | | |
| 4. | Forklift operator | 3 | 0 | | 170 | ७२,६९९ | | | | | | | |

२. कम्पनी : KUWAIT PORTLAND CEMENT CO शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/०१/११ चलानी नं.: ६०१७८४४६ LT. No.: 262206 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 30 | 0 | सम्बन्धित काममा दक्ष | 90 | ३८,४८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Driver | 20 | 0 | | 170 | ७२,६९९ | | | | | | | |

प्रि–अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा धमाधम भइरहेको छ ।
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ ११ गते (27 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

MANAKAMANA FOREIGN EMPLOYMENT CO. P. LTD.
Licence No. 753/064/065
Nagarjun-4, Sitapaila, Kathmandu | Tel: 01-4034677, 9810166668, 9808299279
Email: manakamanamfec1@gmail.com



## कतारमा रोजगार

कम्पनी: TANZIFCO COMPANY शहर: QUATER

पुर्व स्वीकृत मिति: २०८०/०४/०३ चलानी नं.: ६०२०४८७१ L.T. No.: 289599

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL CLEAN WORKER | 100 | 25 | स. काममा दक्ष | 1000 | ३५,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन ११ गते (27 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

उमेर २० देखि २९ वर्ष हुनु पर्ने छ । राम्रो र स्मार्ट देखिने हुनु पर्नेछ ।
शरिरमा ट्याटु नभएको हुनुपर्नेछ । अंग्रेजी राम्रोसँग बोल्न सक्ने हुनुपर्नेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामामा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

QATAR INTERNATIONAL MANPOWER PVT. LTD. 2022
Gov. Lic. No. 1578/079/80
Tokha-05, Basundhara, Kathmandu
Ph. No.: 01-5914971
Mobile : 9849664971
E-mail: info@qim.com.np



## यूएईमा रोजगार

कम्पनी : China State Construction Engineering Corp ORATION(MIDDLE EAST )LLC शहर: UAE

पूर्व स्वीकृत मिति: २०८०/०३/०३ चलानी नं.: ६०२०४८७५ LT. No.: 289676

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Reinforcing Fitter | 80 | 0 | स. काममा दक्ष | 1200 | ४२,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता पि.आई टि. ट्रेडिङ सेन्टर, जनकपुर २०८० साउन १२ गते (28 July 2023) मा हुनेछ । Contact- 9801046355, बहुउद्देश्यीय क्यापिटल ट्रेनिङ एण्ड जब सेन्टर, काठमाण्डौ २०८० साउन १३, १४ गते (29, 30 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

Finishing Carpenter को काम जानेको व्यक्तिलाई विशेष प्राथमिकता दिइनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Sagar Recruitment Pvt. Ltd.
Gov. Lic No. 895/067/068
GPO Box: 21807, Dhumbarahi- 4, Kathmandu, Nepal | Tel: +977- 01-4542232, 01-4542285
Mobile: 9801049210, 9801049212, 9801091501
Email: info@sagarjob.com.np, Web: www.sagarjob.com.np



## मलेसियामा रोजगार

कम्पनी: Meigo Plastic Factory sdn. Bhd. शहर: Malaysia,Perak

पूर्व स्वीकृत मिति: २०८०/०४/०३ चलानी नं.: ६०२०४८७४ LT. No.: 289585

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 8 | 0 | स. काममा दक्ष | 1500 | ४३,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन ११ गते (27July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Topaz International Pvt. Ltd.
Gayatri Bhawan, 3rd Floor, Maitidevi,Gyaneshwor, Kathmandu. Nepal.
Tel.: +977– 014512650



## मलेसियामा रोजगारको अवसर

कम्पनी: BNC ENTERTAINMENT SDN.BHD. शहर: JOHOR

पूर्व स्वीकृत मिति: २०८०/०४/०३ चलानी नं.: ६०२०४८३० L.T. No.: 289562

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 20 | 0 | स. काममा दक्ष | 1500 | ४३,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन ११ गते (27 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Dynamic Sales & Services (P) Ltd.
श्रम इजाजत नं. १०९/०५४/०५५
Post Box No. 2012, Basundhara, Kathmandu, Nepal
Phone: 00977-1- 4354614,4356831, 4356625, Fax: 00977-7- 4355570
E-mail: info@dssnepal.com, Website: www.dynamicmanpower.com



## साउदीमा रोजगार

कम्पनी : LULUAT NAJD FOR GLASS COMPANY शहर: TABUK

पूर्व स्वीकृत मिति: २०८०/०४/०३ चलानी नं.: ६०२०४८६५ LT. No.: 289567

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Glass Worker | 3 | 0 | स. काममा दक्ष | 1200 | ४१,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन ११ गते (27 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

डेष्टिनी प्लेसमेन्ट सर्भिस प्रा. लि.
श्रम इजाजत नं. १६३/०५६/०५७
पो.ब.नं. १४१२५, बानेश्वर हाइट, काठमाडौं, नेपाल, Email: placementservice.destiny@gmail.com
फोन नं. ४४७५१७६, ४४६४५१५, फ्याक्स: ४४९२९६२



## MALAYSIA मा रोजगार

कम्पनी: TOAST DELIGHT SDN.BHD. शहर : JOHOR

पूर्व स्वीकृत मिति: २०८०/०४/०३ चलानी नं.: ६०२०४८५१ LT. No.: 289532

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४३,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन ११ गते (27 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

K.S.B. International Pvt. Ltd.
Govt. Lic. No. 1394/074/075
Sinamangal, Kathmandu, Nepal, Tel.: 01-4584933, Mo. 9866241297
E-mail : info@ksbinternational.net, Web.: www.ksbinternational.net



## ZERO COST सहित मलेसियामा रोजगार

१. कम्पनी : EVERBEST VEGE SDN. BHD शहर: PENANG

पूर्व स्वीकृत मिति: २०८०/०४/०३ चलानी नं.: ६०२०४८४२ LT. No.: 289564

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 2 | 0 | स. काममा दक्ष | 1500 | ४३,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : YCL PRECISION ENGINEERING SDN BHD शहर: JOHOR

पूर्व स्वीकृत मिति: २०८०/०४/०३ चलानी नं.: ६०२०४८४३ LT. No.: 289563

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 4 | 0 | स. काममा दक्ष | 1500 | ४३,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन गते (27 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Kankai Recruitment Suppliers Pvt. Ltd.
Gov. Lic No. 946/067/068
Basundhara, Kathmandu, Nepal. Mobile : 9803697030, 9800941029, 9804850746
Tel: 01-4954490, Email: kankairecruitment4@gmail.com



## साउदीमा रोजगार Al Hasa Automatic Bakery Co. Ltd

पुन विज्ञापन । पुर्व स्वीकृती मिति: २०८०/०१/२८ चलानी नं. ६०२०४८६४ LT No.: 285903

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना/बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Truck Driver | 25 | काममा दक्ष | 1800 | ६३,१३१।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु. १०,०००।- |

अन्तरवार्ता २०८० साउन ११ गते (27 July, 2023) यस प्रा. लि. को कार्यालय कुलेश्वर, काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

अराउण्ड द वर्ल्ड सर्भिसेज् प्रा. लि.
श्रम ईजाजत नं.: १०३/०५४/०५५
कुलेश्वर, काठमाडौं फोन: ९८५११७६६०५, ०१-५३७२०८०, ५३०१३५९
Email : awsnepal@gmail.com



GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
४ साउन २०८०, बिहीबार
20 July 2023, Thursday

## सम्पादकीय

# सन्देहपूर्ण भ्रमणको श्रृंखला

गएको २९ असारमा काठमाडौं आइपुगेका अमेरिकी सहायक विदेश मन्त्री डोनाल्ड लूले नेपालका शीर्ष नेताहरूलाई भेटवार्ता गरेको केही दिनभित्रै चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) का पोलिटब्यूरो सदस्य युआन जियाजुन नेतृत्वको टोलीले नेपाल भ्रमण गर्दैछन् । यही साता आउने यो टोलीले पनि शीर्ष नेताहरूसँग भेटवार्ता गर्ने तय भएको छ । लू र जियाजुनको शीर्ष भ्रमणलाई नियमित कुटनीतिक सम्बन्धका संज्ञा दिइएको छ । तर अमेरिकी र चिनियाँ नेताहरूको बाक्लिएको भ्रमणलाई कुटनीतिक सम्बन्धको निरन्तरता भन्दा पृथक बुझाइले पनि हेरिएको छ । अझ नेपालबाट सत्तारूढ नेताहरूको बाक्लिएको विदेश भ्रमणले विदेशी नेताहरूको काठमाडौं दौडाहालाई सन्देहपूर्ण बनाएको छ । विशेषगरी शक्ति राष्ट्र चीन, अमेरिका र भारतका नेताहरूले नेपालमा बढाएको सक्रियता उल्लेखनीय देखिन्छ ।

जेठ दोस्रो साता प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड भारत भ्रमणमा निस्कदा पनि चिनियाँ नेताहरू काठमाडौं आइपुगेका थिए । नयाँ दिल्ली उड्न लागेका प्रचण्डलाई प्रधानमन्त्रीको निवासमै पुगेर चिनियाँ नेता सियाओहुई नेतृत्वको टोलीले भेटवार्ता गरेका थिए । त्यो बेला सत्तारूढ माओवादीका नेता अग्निप्रसाद सापकोटा नेतृत्वको टोली दुई साता लामो चिनियाँ भ्रमणमै थिए । प्रधानमन्त्री प्रचण्डले भारत भ्रमण सकेर फर्किएको डेढ महिनामै माओवादी उपाध्यक्ष पम्फा भुसाल नेतृत्वको टोली भारत भ्रमणमा निस्कदैछ । धार्मिक एजेण्डा बोक्ने भारतीय सत्तारूढ पार्टी भारतीय जनता पार्टीको निमन्त्रणमा भुसाल नयाँ दिल्ली जाने तय भएको छ । प्रधानमन्त्री प्रचण्ड भारत भ्रमणका क्रममा भाजपा नेतृत्वलाई खुसी पार्न आफू विवादित बनेका थिए । तर प्रचण्ड फर्किए लगत्तै माओवादीका शीर्ष नेतृत्व भुसाल भारत जाँदैछन् ।

अरू नेताहरूको भ्रमणलाई पनि नेपालको आन्तरिक राजनीतिक शक्ति संघर्षसँग जोडेर प्रचार गरिएको थियो । सिंगापुर भ्रमण सकेर नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा स्वदेश फर्कदा कतिपयले अब नेपालको सत्ता समीकरण बदलिने अनुमान गरेका थिए । फेरि अहिले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली कम्बोडिया उडेका छन् । नेपाली नेताहरूको विदेश भ्रमण स्वभाविक रूपमा पहिलेदेखि हुने गरेको पाइन्छ । तर शक्ति मुलुकका शीर्ष नेताहरूको काठमाडौं भ्रमण बाक्लिरहँदा भने नेपालको भू-राजनीतिक परिस्थितिबारे अनेक अड्कलबाजी भइरहेको छ । यी भेटवार्तालाई नेताहरूले सम्बन्ध सुधार र मुलुकको हितकै निम्ति भएको व्याख्या गरिरहेका छन्, यदि त्यो साँचो हो भने सकारात्मक कदम हो । तर जस्तो विश्व शक्ति राष्ट्रहरूबीच संघर्ष चलिरहँदा नेपालले आफ्नो भौगोलिक अवस्था बुझेर आवश्यक निर्णय जरूरी छ । त्यसका लागि नेपालका नेताहरूले आफ्नो सत्ता स्वार्थमा आधारित नभएर सिंगो मुलुकको प्रष्ट विदेश नीतिका आधारमा भेटवार्ता र सम्वाद गर्न जरूरी छ ।

# मधेश विकासको बाधक

*मधेश सबैभन्दा सहज विकासको सम्भावना भएको क्षेत्र हो, तर यहाँ विकासमा सबैभन्दा धेरै समस्या देखिन्छ । विकासको वित्तीय र भौतिक प्रगति निकै दयनीय छ ।*

**अग्रलेख**



● कौशल गोपालवंशी

विकासको कुरा गर्दा मधेशको कुरा नआउने त कुरै भएन, किनकी जहाँ सबैभन्दा सहज विकासको सम्भावना छ तर, त्यहाँ सबैभन्दा कम विकास भएको देखिन्छ । मधेशमा विकास बजेटको वित्तीय र भौतिक प्रगति सबैभन्दा कमजोर देखिन्छ । पहाडमा जहाँ भौतिक संरचनाको विकास गर्न मधेशभन्दा तुलनात्मकरूपमा कठिन छ भन्ने कुरा भनिराख्नु पर्ने तथ्य होइन, तर पनि वार्षिक बजेटको वित्तीय र भौतिक प्रगति जहिले पनि मधेशको तुलनामा २/३ गुणा नै बढी भएको देखिन्छ । आखिर यस्तो किन हुन्छ ? तथ्यसत्यको खोज गर्न सरकार, राजनीतिकर्मी र समुदाय सक्रिय भएको देखिन्न ।

अहिलेको परिवेश हेर्दा, मधेशमा विकास गर्न एकदम चुनौती रहेको कुरा नेपाल सरकारका उच्च प्रशासकदेखि राजनीतिक नेतृत्वको मुखबाट समेत सार्वजनिकरूपमै आउने गरेका छन् । कसैले पनि यस पछाडिको सान्दर्भिक कारक तत्वलाई आमजनता समक्ष ल्याउन नसकेको हो कि नचाहेको हो भन्ने कुरामा भने अहिलेसम्म अलमल देखिन्छ । मधेशको विकासको विषयमा सम्पूर्ण सम्बन्धित निकाय तथा सरोकारवालाहरुको भनाई तथा गराई फरक रहेको देखिन्छ । यहाँ पर्दा तथा क्यामेरा अगाडि र पछाडिको व्यवहार र विचार पूर्णरूपमै ठिक विपरित देखिन्छ ।



मधेश जहाँ चुनावमा विचार मेल नखानेसँग चुनावी एकता हुन्छ तर, विकासको काममा सहकार्य हुँदैन । मधेशको अधिकांश उपभोक्ता समितिमा सर्वपक्षीय सदस्य हुँदैनन्, यहाँ होस् पनि कसरी, मधेशको हरेक वडामा २०/२५ वटा पार्टीको समिति हुन्छ । जब कि उपभोक्ता समिति साधारणतया ११ देखि १५ सदस्यसम्मको हुने गर्छ कि कतै घटी बढी पनि होला । मधेश क्षेत्रफलको हिसाबले सानो तर, देशको जनसंख्याको ठूलो हिस्सा ओगटेको यो भू-भागको जनघनत्व अन्य भू-भागको तुलनामा निकै नै बढी छ । जनघनत्व अधिक भएकोले नै यहाँ थरिथरिको विचार धारा भएको जनता पनि भेटिन्छन् । यहाँ राजनीति यति धेरै संवेदनशील छ कि अफ्रिकी मुलकमा कुनै नयाँ सिद्धान्तको पार्टीको स्थापना भने त्यसको प्रभावले यहाँ पनि एउटा नयाँ पार्टी स्थापना भइहाल्छ । एक अमेरिकी संस्थाले गरेको अध्ययनअनुसार यहाँको सामाजिक अवस्था निकै नै तरल छ । अमेरिकीहरुको निष्कर्ष छ- यहाँको मानव सभ्यता संसार कै बिचित्र छ, यहाँ एकअर्काको अस्वीत्व स्वीकार गर्न कोही पनि तयार हुँदैनन् र यहाँका मानिसहरु एक ठाउँमा लड्न सक्छन्, तर एक ठाउँमा बस्न सक्दैनन् । यो निष्कर्षलाई पुष्टि गर्ने धेरै घटनाहरु हामीले आफ्नै अगाडि देखेका छौं ।

जब यहाँ आन्दोलन हुन्छ, पीडित पक्षमा लड्ने पार्टीहरु एक हुन्छन् तर, जब चुनाव आउँछ तब फेरि अलग-अलग हुन्छन् । जब राजनीतिक एजेण्डा एउटा छन् भने चुनावमा किन फरक-फरक ? यति मात्र होइन १५ वर्षमा १५ चोटी मधेश केन्द्रित पार्टी फुट्नु वा जुट्नुलाई के भन्ने ? कहिले जातिवाद हाबी भयो भनेर फुट्ने, कहिले मन्त्री बन्न नपाएर फुट्ने, कहिले पार्टी अध्यक्ष नपाएर फुट्ने, कहिले नातेदारलाई समानुपातिक सांसद नदिएकाले फुट्ने ? आखिर कहिलेसम्म यसरी फुट्ने ? कहिलेसम्म विकास र अधिकारको लागि खोलेको पार्टी आफ्नो व्यक्तिगत स्वार्थको लागि फुटाउने ? आखिर कहिलेसम्म कर्मचारी, खाता र पैसा नभएको बैंकको मालिक भएर बस्ने ? यही विचित्रको परिणाम हो, विकासको लागि छुट्याइएको बजेट पनि २५-३० प्रतिशतभन्दा बढी कहिल्यै खर्च हुँदैन ।

> *मधेशको विकासलाई गतिशील बनाउने हो भने राजनीतिक नेतृत्वले आफ्नो व्यक्तिगत र राजनीतिक खिचातानीलाई बिर्सेर एकजुट हुनुपर्छ । विकासको सन्दर्भमा एक ठाउँमा नआएसम्म हालकै अवस्था कायम रहनेमा दुविधा छैन । यही अवस्था कायम रहँदासम्म बजेटको खर्च र विकासको प्रगतिको अवस्था फेरिन्छ भन्नेमा विश्वास मान्न सकिन्न ।*

मधेशको कुनै पनि आयोजनामाथि उजुरी तथा मुद्दा नपरेका घटना छैनन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तथ्यांक हेर्दा, मधेशमा हुने आयोजनाका बारेमा सबैभन्दा धेरै भ्रष्टाचार हुने गरेका छन् । अर्कोतर्फ यहाँ संस्कृति नै बनेको छ, आफ्नो अनुकुलको कुरा नहुँदा उजुरी दिइहाल्ने, काम अड्काइहाल्ने । यस्ता प्रतिशोध पछाडिका कारणहरु पनि धेरै नै छ ।

सबैभन्दा बढी तत् राजनीतिक खिचातानीले मधेशको विकास प्रभावित भएको देखिन्छ । आफ्नो पक्षको उपभोक्ता समिति भएन भने विभिन्न बहानामा निर्माण कार्य प्रभावित गर्न हदैसम्मको निच कार्य गरेको पनि देखिन्छ । कार्य प्रभावित गर्नको लागि समुदायको मान्छेलाई उस्काउने र पछि आफू सहभागी भएर मिलाउने अनि त्यसबापत कमिसन लिनेसम्मको खेल गरेकोसमेत पाइन्छ । पंक्तिकारले पनि कतिपय आयोजनाहरुमा यतिसम्म देखेको छ कि आफ्नो पक्षको उपभोक्ता समिति नभएको अवस्थामा स्वयम् स्थानीय तहकै प्रमुखले आयोजनासमेत खारेज गरिदिएको । त्यति मात्र होइन कतिपय अवस्थामा सम्बन्धित कार्यालयको मन्त्री स्तरबाट नै उपभोक्ता समितिको नाम सूची तयार भएर आएको । त्यहाँ यदि सूचीभन्दा बाहिरको व्यक्तिको नाम उपभोक्ता समितिमा पऱ्यो भने अर्को समिति बनाउनुपर्ने अवस्था आउँछ । गरिरहेको काम छ पनि रोकिन्छ ।

कर्मचारीतन्त्रमा पनि राजनीतिले हदैसम्म जरो गाडेको पाइन्छ । आफ्नो विचार मिल्ने पार्टीको समिति अथवा पार्टी भए काम गर्न प्रमुखहरु रुचाउछन् भने त्योभन्दा फरक केही परेमा आफुलाई अनुकुल हुने आयोजनामा रकामान्तर गरी कार्य गर्ने गरेको धेरै घटना भेटिन्छ । अर्कोतिर गैरमधेशी भएको क्षेत्रमा लक्ष्यअनुसार आयोजना सम्पन्न भएको पाइन्छ । जहाँ एकातिर समुदायमा त्यति धेरै विवाद हुँदैन भने अर्कोतिर कर्मचारी सयन्त्र पनि गैरमधेशी भएकै कारण सहयोग गर्न तत्पर हुन्छन् । राजनीतिक र रंगभेदी मनस्थितिमा चुर्लुम डुबेको कर्मचारीतन्त्र, जसले मधेशको विकासमा सहयोग होइन अवरोध गरेको पाइन्छ ।

मधेशको विकासलाई गतिशील बनाउने हो भने राजनीतिक नेतृत्वले आफ्नो व्यक्तिगत र राजनीतिक खिचातानीलाई बिर्सेर एकजुट हुनुपर्छ । विकासको सन्दर्भमा एक ठाउँमा नआएसम्म हालकै अवस्था कायम रहनेमा दुविधा छैन । यही अवस्था कायम रहँदासम्म बजेटको खर्च र विकासको प्रगतिको अवस्था फेरिन्छ भन्नेमा विश्वास मान्न सकिन्न । मधेशमा सबैभन्दा महत्वपूर्ण विषय आगामी दिनमा विकास गतिविधिको सामुदायिक लेखापरीक्षणको अभ्यास गर्नुपर्ने देखिन्छ । जहाँ कम्तिमा एउटा निर्वाचन क्षेत्रको बजेट रकामान्तर गरेर अर्को क्षेत्र नजाओस् र यसको लागि बिनियोजित बजेटको खर्चसम्बन्धि नियम ग्रासरुटसम्मको नेता कार्यकर्तालाई थाहा हुने गरी वर्तमान मधेश केन्द्रीत राजनीतिज्ञ, बुद्धिजीवी र मिडियाकर्मी सबैले प्रचारप्रसार गर्नुपर्ने देखिन्छ ।

## सामाजिक सञ्जाल



**- कृष्ण घिमिरे**

सेनाको संख्याबारे बहस चलेको छ । भनिन्छ, वादे वादे जायते तत्वबोध । सेनाको संख्या र संगठन हचुवामा घटाउनु वा बढाउनु राम्रो होइन । संख्याबारे जजमेन्टल विचारभन्दा यी काम गरे हुने- खास काम र भूमिका पुनः परिभाषित गर्ने र वस्तुपरक विवेचना गरी संगठात्मक र चाहिने कौशलता र संख्या निधारण गर्ने ।



**- भीम रावल**

विद्यमान राष्ट्रिय र अन्तरराष्ट्रिय परिस्थितिको विश्लेषण नगरी नेपाली सेना घटाउने र सशस्त्र प्रहरी बल, नेपाल खारेज गर्ने कुरा गर्ने र राजनीतिको नाममा जति हिंसा र फौजदारी अपराध गरेपनि केही कारबाही नहुने कानून बनाउने काम देशलाई कमजोर बनाई बाह्य हस्तक्षेप निम्त्याउने षड्यन्त्र हो ।



**- सेतेमान तामाङ**

नेतृत्वको चरित्र दुईखाले अस्थिरता र गतिशीलता हुन्छ । अस्थिर स्वार्थसँग जोडिन्छ र गतिशीलता समयको गतिसँग जोडिन्छ । अस्थिर नेतृत्व जोसँग मिल्दा आफूलाई फाइदा हुन्छ, उहीसँग मिल्न पुग्छ र विचारलाई तिलाञ्जलि दिन्छ भने गतिशील नेतृत्वले समय सन्दर्भिक विचारविमर्श गरी भावी मार्ग निर्धारण गरिन्छ ।



**- डम्मर खतिवडा**

हरेक बहसको निश्चित समय अवधि हुन्छ-हिजो पुराना दल सच्चिन्छन् कि सिध्धिन्छन् भन्ने बहस थियो । त्यसको समय सकियो-सच्चिदैनन् सिध्धिन्छन् भन्ने निष्कर्ष आयो । अबको बहस नयाँ कि पुराना भन्ने हुँदै हैन । नयाँमध्ये पनि कुन उचित भिजन, सोच र क्षमतास्तरसहितको र भरपर्दो नयाँ हो भन्ने हो ।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | मनोरन्जनतर्फ ध्यान जानेछ । धन लाभको योग छ । |
| वृष : | आर्थिक पक्ष मजबुद हुनेछ । तथापी, जोखिम लिनु हुँदैन । |
| मिथुन : | सोच विचार गरेर काम गर्नु होला । बाहिरी सहयोग पाइनेछ । |
| कर्कट : | पठन पाठनमा ध्यान जानेछ । राजनैतिक सहयोग पाइनेछ । |
| सिंह : | दैनिक व्यस्तता धेरै रहन्छ । शान्तिपूर्वक कार्य गर्नु होला । |
| कन्या : | समारोहमा सहभागिता हुनेछ । नयाँ सम्पर्क बन्नेछ । |
| तुला : | आफन्तसित विवादको योग छ । विनम्रतापूर्वक कार्य गर्नु होला । |
| वृश्चिक : | कार्यमा नोक्सान हुनेछ । धर्मपालनामा रुचि देखिन्छ । |
| धनु : | स्वास्थ्यमा गडबढी हुनसक्छ । स्थान परिवर्तनको योग छ । |
| मकर : | व्यापारिक यात्रा सफल हुनेछ । धेरै भरोसा गर्नु हुँदैन । |
| कुम्भ : | बानी व्यहोरामा सुधार गर्नुपर्छ । घरेलू कार्य सफल हुनेछ । |
| मीन : | आफ्नो काममा ध्यान दिनु होला । स्वास्थ्य राम्रो रहनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# नेपाली राष्ट्रियताका आधार

**विचार**



● जयप्रकाश गुप्ता

> *नव मण्डलेहरूले नेपाली राष्ट्रियताका चार आधार- राजा, हिन्दू धर्म, जातीय एकता र नेपाली सेना भनी व्याख्या गरिरहेका छन् । राजा फालिए, देश धर्म निरपेक्ष भयो, संघीयता लागू भएर जातीय एकता छियाछिया भयो, अब राष्ट्रियताको एक मात्र स्तम्भ 'सेना' उपर प्रहार शुरू भयो भन्दैछन् । यो भाष्य नेपाली राष्ट्रियताको अपव्याख्या मात्रै हो, सत्य होइन ।*

वि.सं. २००७ साल पूर्व नेपाली राष्ट्रियताका बारेमा खासै कुनै सार्वजनिक चर्चा चलेको सुनिदैन । ००७ सालको परिवर्तनपछि यसबारे हलुको छलफल प्रारम्भ भएको भेटिन्छ । यसका दुई वटा पक्षहरू जन्मिन थालेको पाइन्छ , पहिलो राज्यका संस्था एवम् प्रतीकहरूमा राष्ट्रियतालाई अंकित गर्ने र दोस्रो जनताका सामूहिक भावनाको आधारमा निर्माण हुने अभिमतमा राष्ट्रियताको आधार बनाउने । पहिलो पक्षको प्रेरक तत्कालिन युवराज जो पछि राजा भए, श्री ५ महेन्द्र थिए भने दोस्रो पक्षका उत्प्रेरक त्यसबेलाका क्रान्तिकारी नेता बीपी कोइराला थिए ।

त्यसबेला राष्ट्रियतालाई विभिन्न पार्टपुर्जा जोडेर एक यन्त्र सरह बनाउने काम शुरू भयो । यसका निम्ति प्रयोगमा रहेको देवनागरी खस भाषालाई राष्ट्र भाषा 'नेपाली' भनियो । यसको प्रवर्द्धनका लागि दार्जिलिङ्गको 'गोर्खा भाषा प्रचारिणी सभा'को अनुकरण गर्दै 'नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान' खडा गरियो । पुरानो भेषको लबेदा सुरुवाललाई केही बदलेर तथा त्यससँगै अंग्रेजी कोटलाई जोडेर 'राष्ट्रिय पोशाक' निर्धारण गरियो । मानवमा जनक, बुद्ध, सीता आदि, जनावरमा गाई-गैंडा, चरामा डाँफे, रंगमा सिम्रिक आदिलाई एकत्रित गरी 'राष्ट्रिय विभूति' 'राष्ट्रिय चिन्ह' बनाइयो । राष्ट्रिय गीतको रचना भयो । पुरानो झन्डालाई रूपान्तरण गरेर राष्ट्रिय झन्डाको परिकल्पना गरियो । झन्डाको आकारलाई हिन्दु धर्मसँग जोडेर सुर्य चन्द्र तथा रंगको व्याख्या गरियो । संविधानमा ठाउँ-ठाउँमा 'नेपाली मात्रको' शब्दावलीहरू राखियो । राजाले स्वयम्लाई विष्णुको अवतार भन्दै भगवान शिवलाई मुलुकको आराध्य देव तथा सेनाको लागि 'शिव'लाई शक्तिको स्रोत भनी प्रचार गरियो । राजा महेन्द्रले राज्यशक्तिलाई निरंकुशतामा परिणत गरेपछि त प्रतीकात्मक राष्ट्रियताको आधारहरूमा अझ् बदलाव गरियो । "हाम्रो भाषा, हाम्रो भेष, प्राणभन्दा प्यारो छ" यसैमा जोडियो "हाम्रो राजा, हाम्रो देश, प्राणभन्दा प्यारो छ" । राष्ट्रियताको यो प्रतीकात्मक भाष्यमा नेपाली भाषा, लवेदा सुरूवालको राष्ट्रिय पोशाक र राजाको राजतन्त्र र राजाको धर्म हिन्दू धर्मलाई राष्ट्रियताको सबल आधारको रूपमा मान्यता दिइयो ।

बीपी कोइरालाले राष्ट्रियताको नितान्तः भिन्न मान्यतालाई अगाडी ल्याए- राष्ट्रियता भनेको मुलुकको ढुंगा र माटो होइन, यो जनताको विचार हो । आज राजाको आवश्यकता देख्नेहरूले बरोबर बीपीको "राष्ट्रिय एकता तथा मेलमिलापको नीति"को चर्चा गरेर थाक्दैनन् । लामो समय भयो, करिब ४३ वर्ष भयो । वि.सं. २०३७ को जनमत संग्रहका दौरान टुँडीखेलको मैदानबाट बीपीले राष्ट्रियताको त्यस शाही व्याख्यालाई चुनौति दिँदै भनेका थिए, "राष्ट्रियता भनेको जनताको विचार हो ।" यो बीपीको अमूर्त विचार भने थिएन । बग्रेल्ती छन् यसबारे बीपीका विचारहरू ।

"मुलुकमा प्रजातान्त्रिक संस्थाहरू- जसको निर्माण जनताको विचारधारा तथा मतबाट हुन्छ, यसको अभावमा राष्ट्रियताको निर्माण हुन सक्दैन" भनेर उनले दल बिहीन पञ्चायति व्यवस्था र राजाको प्रेरणाले प्रचारित राष्ट्रियताको भाष्यसँग गम्भीर असहमति बीपीले जनाएका थिए । आजका धेरै कम्युनिष्टहरू, हिजोका पञ्चहरू तथा मन्डलेहरू जो त्यसबेला बीपीका कटु आलोचना गरेका थिए, तिनले सम्झेको हुनुपर्छ कि तिनको एक आलोचना बीपीले नेपाललाई "राष्ट्र भइ नसकेको, यो एक प्रशासनिक इकाई मात्र हो" भन्ने भनाई मै आलोचना गरिएको हुनुपर्छ । जनताको विचारबाट अनुप्रेरित मत (भोट)बाट निर्माण भएको प्रजातान्त्रिक संस्थाहरूबाट मात्र मुलुकमा 'राष्ट्रियता'को जग बन्न सक्छ- यो संश्लेषित विचार थियो बीपीको ।

आज बीपीका विचारहरूको कोही वारेश छैन । एक्लो बृहस्पतिका झैं प्रदीप गिरी छैनन् । युवा पुस्ताका शंकर तिवारीहरू 'जयन्ती' तथा 'स्मृति दिवस'हरूमा सम्झिने गर्छन् बीपीलाई । नेपाली कांग्रेसको केन्द्रीय कार्यालय 'बिपी भवन' हैन, बागबजार शंकरदेव कलेज छेऊको 'शिखर प्रकाशन' बरू बिपी कोइरालाका विचारहरूको अभिलेखागार भएको छ । इतिहासको राम्रो अध्ययन गरेका साथै बिपी कै जीवनकालमा राम्रो पार्टी कार्यकर्ताको भूमिका निभाएका पेशल निरौलाहरू राष्ट्रियताका अनर्थकारी भाष्यहरू बाचन गर्दैछन् । उनीहरूले आज नेपाली राष्ट्रियताका चार आधारहरू 'राजा' 'हिन्दू धर्म' 'जातीय एकता' र 'नेपाली सेना'मा व्याख्या गरिरहेका छन् ।

राजा फालिए, मुलुक धर्म निरपेक्ष भयो, संघीयता लागू भएर जातीय एकता छियाछिया भएर गयो, अब मुलुकमा राष्ट्रियताको एक मात्र स्तम्भ 'नेपाली सेना' थियो, यस उपर योजनाबद्ध प्रहार शुरू हुन लाग्यो भनेर नेपाली राष्ट्रियताको कहिल्यै नरहेको आधारहरूको औचित्यको अपव्याख्या हुन थालेका छन् । के वास्तवमा राजा, धर्म, खसभाषीहरूको राजनीतिक सर्वस्व र नेपाली सेनाको दिनानदिन विस्तारित हुँदै जाने स्वरूप नेपाली राष्ट्रियताका आधार हुन् त ? कदापी होइनन् । राजनीतिक तहमा यसबारे गम्भीर बहस प्रारम्भ हुनुपर्ने देखिन्छ ।

# फ्रान्सेली दंगामा सात सयभन्दा बढीलाई जेल सजाय



**काठमाडौं/एजेन्सी-** फ्रान्समा गत महिनाको अन्त्यमा भएका दंगामा सात सयभन्दा बढीलाई जेल सजाय सुनाइएको छ । मुद्दाहरूको द्रुत गतिमा सुनुवाइ भएकामा अदालतको प्रशंसा गर्दै फ्रान्सेली न्यायमन्त्रीले त्यसबाट केही प्रतिवादी वकिलहरूलाई चिन्तामा पारेको बताएका छन् ।

बुधबारसम्म एक हजार दुई सय ७८ निर्णय सुनाइएकामा ९५ प्रतिशतभन्दा बढी प्रतिवादीहरू तोडफोड, चोरी, आगजनी वा प्रहरी अधिकारीहरूलाई आक्रमण गर्ने अभियोगमा दोषी ठहरिएका जानकारी उनले आरटीएल रेडियोलाई दिएका छन् ।

न्यायमन्त्री एरिक डुपोन्ड मोरेट्टीका अनुसार करिब छ सय जनालाई पहिले नै जेल पठाइएको छ । देशमा शान्तिसुव्यवस्था कायम गर्न त्यसो गर्नुको विकल्प थिएन । सन् २००५ पछि फ्रान्समा यति विशाल हुलदंगा एवम् हिंसात्मक झडप भएका थिएनन् ।

गत जुन २७ मा एक जना प्रहरी अधिकारीले १७ वर्षका फ्रान्सेली-अल्जेरियन किशोरलाई गोली हानेपछि देशभर हिंसा भड्किएको थियो । सुरक्षाकर्मी र प्रदर्शनकारीबीच चार दिन चार रात गम्भीर झडपपछि स्थिति नियन्त्रणमा आएको थियो । त्यसका लागि ४५ हजार सुरक्षाकर्मी सशस्त्र सवारी साधनका साथ परिचालन भएका थिए ।

# पुटिन ब्रिक्स सम्मेलनमा सहभागी नहुने



**काठमाडौं/एजेन्सी-** रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले आगामी महिना दक्षिण अफ्रिकामा हुने ब्रिक्स शिखर सम्मेलनमा भाग नलिने भएका छन् । पुटिनको सम्भावित भ्रमण दक्षिण अफ्रिकाका लागि एउटा जटिल कूटनीतिक मुद्दा बनेको छ । रूसी नेतालाई अन्तर्राष्ट्रिय फौजदारी अदालतको पक्राउ पुर्जी जारी गरिएको छ । अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) सदस्यको रूपमा प्रिटोरियाले पुटिनले देशमा पाइला टेकेको खण्डमा कार्यान्वयन गर्ने अपेक्षा गरिएको थियो ।

राष्ट्रपति सिरिल रामाफोसाका प्रवक्ता भिन्सेन्ट माग्वेन्याले भने, 'आपसी सहमतिअनुसार रूसी महासंघका राष्ट्रपति भ्लादिमिर पुटिन शिखर सम्मेलनमा सहभागी हुनुहुनेछैन तर रूसी महासंघको प्रतिनिधित्व विदेशमन्त्री (सर्गेइ) लाभरोभले गर्नुहुनेछ ।'

रामाफोसाले हालैका महिनाहरूमा गरेको 'धेरै परामर्शहरू' पछि यो निर्णय लिइएको हो । दक्षिण अफ्रिका ब्रिक्स समूहको वर्तमान अध्यक्ष हो, जसमा ब्राजिल, रूस, भारत र चीन पनि सामेल छन् र यसले आफूलाई पश्चिमी आर्थिक प्रभुत्वको प्रतिरोध शक्तिको रूपमा हेर्छ ।

अगष्ट २२ देखि २४ सम्म जोहानेसबर्गमा हुने ब्रिक्स शिखर सम्मेलनका लागि पुटिनलाई औपचारिक रूपमा निमन्त्रणा गरिएको थियो तर पुटिनलाई सहभागी नगर्न आन्तरिक तथा अन्तर्राष्ट्रिय दबाब प्रिटोरियालाई परेको छ ।

'राष्ट्रपति रामाफोसा शिखर सम्मेलन सफल हुनेमा विश्वस्त हुनुहुन्छ । अफ्रिकी महाद्वीप र विश्वका विभिन्न भागबाट आउने धेरै प्रतिनिधिहरूलाई आवश्यक आतिथ्य प्रदान गर्न राष्ट्रलाई आह्वान गर्नुभएको छ,' म्याग्वेनियाले भने । रूसले गैरकानूनीरूपमा युक्रेनी बालबालिकालाई देश निकाला गरेको आरोप लगाउँदै आइसिसीले पुटिनलाई खोजीको सूचीमा समावेश गरेको छ ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७६।०१।१५ मा दर्ता भएको रोयल **डाईरेक्टीभ नलेज अटो सर्भिस (प्रा.लि.नं. २१३९३१)** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त श्री शल्मा ह्युमन रिसोर्सेज प्रा.लि.(१११९/०७३/०७४) मा विभिन्न पदमा कार्यरत निम्न कर्मचारीहरुलाई मिति २०८०/०४/०३ गतेदेखि यस प्रा.लि.बाट हटाई सकिएको हूँदा निजहरुसंग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धित कूनै पनि कार्य नगर्न/नगराउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि कसैले यो सूचना प्रकाशित भएपछि पनि कुनै कार्य गरेमा यस प्रा.लि.को जवाफदेहि नहूने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

| क्र.स. | नाम | ठेगाना | पद | नागरिकता नं. |
|---|---|---|---|---|
| १ | एलिना श्रेष्ठ अधिकारी) | का.म.न.पा.-३५, काठमाण्डौ | Greek Teacher | २७१०६०/९११७२/४०४२३ |

**Shalma H.R. Overseas Pvt. Ltd.**
Gov. Lic. No. 1111/073/74
Gaushala, KTM. Phone:- 4579525, 4579526

## कम्पनीको नाम र ठेगाना परिवर्तन भएको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०/०४/०४ गते
यस कम्पनीको मिति २०७९/१२/१८ र २०८०/०१/२५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी क्यारियर काउन्सिलिङ्ग सेन्टर प्रा.लि. (प्रा.लि.द.नं.: ८८१३०) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनी पुस्तक बजार प्रा.लि. ले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०३/२० को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी पुस्तक बजार प्रा.लि. कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै कम्पनीको सोहि मितिको बिशेष साधारण सभाको निर्णय बमोजिम काठमाडौं म.न.पा. वडा नं. -३४, काठमाडौं रहेको रजिस्टर्ड कार्यालयको ठेगाना स्थानान्तरण गरी काठमाडौं म.न.पा. वडा नं. २६ मा राख्ने जानकारी गराईन्छ ।



## मलेसियामा रोजगार |

१. कम्पनी : NAMICOH SURIA SDN BHD
शहर: Malaysia, SAH ALAM
पूर्व स्वीकृत मितिः २०७९/११/३० चलानी नं.: ६०१९८५७२ LT. No.: 282367 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 43 | 0 | स. काममा दक्ष | 1500 | ४३,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन ११ गते (27 July 2023) मा हुनेछ ।

२. कम्पनी : SUEZ TOP VENTURES SDN. BHD.
शहर: KUALA LUMPUR
पूर्व स्वीकृत मिति:२०८०/०४/०३ चलानी नं.: ६०२०४८५८ LT. No.: 289584

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 50 | 0 | स. काममा दक्ष | 1500 | ४३,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

प्रि-अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन ७ गते (23 July 2023) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन ११ गते (27 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Y. K. Manpower Agency Pvt. Ltd.
वाई.के. मेनपावर एजेन्सी प्रा.लि.
Govt. Lic. No. 1439/074/075
4th Floor, Giri Complex, Sambhumarga-9, Airport, Kathmandu
Tel.: (+977-014599181, 014597116), +977 9801234999, +977 9801234995.
E-mail: ykmanpoweragency@gmail.com, info@ykmanpower.com
Web.: www.ykmanpower.com

## साउदीमा रोजगार अवसर

कम्पनी : RAYON ARABIA COMPANY FOR INDUSTRY
शहर : Jeddah
पूर्व स्वीकृत मितिः २०७९/०९/२२ चलानी नं.: ६०१९४५४५ LT. No.: 279033 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३४,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन ११ गते (27 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Al Taaz International Pvt. Ltd.
Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9801147203, 9801147204, 9801147206, 9801147207, 9801147208, 9823402131
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

## MALAYSIA मा रोजगार|

कम्पनी: GOLDEN LIFE UPHOLSTERY SDN BHD
शहर: JOHOR
पूर्व स्वीकृत मितिः २०८०/०४/०३ चलानी नं.: ६०२०४८४६ LT. No.:289534

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 15 | 0 | स. काममा दक्ष | 1500 | ४३,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० साउन ११ गते (27 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

अल मून ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ९९२/०६८/०६९
बसुन्धरा-०९, धापासी, काठमाडौं, नेपाल, फोनः ०१-४९८९७१८,०१-४९८९७१९

## साउदी अरबमा वैदेशिक रोजगारको अवसर

कम्पनी: SAHMI SAAD AL-HAJRI GENERAL CONTRACTING EST.
शहर: DAMMAM
पुर्व स्वीकृत मितिः २०८०/०४/०३ चलानी नं.: ६०२०४८४० L.T. No.: 289578

